# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## २०७८ साउन-असोज
## सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

## राष्ट्रिय सूचना आयोग
काठमाडौं, नेपाल

# स्वतः प्रकाशन (Proactive Disclours)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक उल्लेख गरिएका छन् । सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन गठित यस स्वतन्त्र आयोगले २०७८ साउन-असोजको अवधिमा सम्पादित प्रमुख कार्यहरु अन्य निकायका लागि नमूना मार्गदर्शक समेत होस् भनी प्रकाशित गरेका छौं ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ अनुरुप माग भएका सूचनाहरु उपलब्ध नगराउने विरुद्ध प्राप्त उजुरी, निवेदन तथा पुनरावेदनका आधारमा सार्वजनिक निकायमा सूचना उपलब्ध गराउनु भन्ने आदेश जारी हुँदै आएको छ । आयोगबाट भएको आदेश पालना नगर्ने सार्वजनिक निकायहरुलाई सूचनाको हकसम्बन्धी ऐन र नियमावली बमोजिम जरिवानासमेत हुँदै आएको छ । यस अवधिमा ३३२ वटा उजुरी, निवेदन तथा पुनरावेदन आयोगमा दर्ता भएका छन् । ती सबै उजुरी पुनरावेदन तथा निवेदन उपर आयोगबाट यथोचित कारवाही भएको छ ।

यसै क्रममा, आयोगले आफ्नो नियमित विवरण प्रकाशित गर्दै आएको सन्दर्भमा आ.ब. २०७८।७९ सालको साउन, भदौ र असोज महिनामा सम्पादित कामको विवरण प्रस्तुत गरेको छ । यसलाई आयोगले तीन महिना सम्पन्न भएको एक हप्ताभित्र प्रकाशित गरेको छ । यसै बमोजिम सबै सार्वजनिक निकाय स्वयम् अग्रसर भई आ-आफ्नो विवरण सार्वजनिक गर्न आग्रह गरिन्छ ।

**राष्ट्रिय सूचना आयोग**

मिति : २०७८ असोज ७ गते

# विषयसूची


१. आयोगको स्वरुप र प्रकृति

२. आयोगको काम, कर्तव्य र अधिकार

३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण

४. आयोगबाट प्रदान गरिने सेवा

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

९. सम्पादन गरेको कामको विवरण

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

१३. तोकिए बमोजिमका अन्य विवरण

१४. अघिल्लो आ.व.मा सञ्चालित कार्यक्रमहरु

१५. सार्वजनिक निकायको वेबसाइट

१६. सूचना परियोजनामा प्राप्त भएको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण

१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

१९. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय

२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

# राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५को नियम ३ बमोजिम प्रकाशित विवरण

## २०७८ साउन-असोजको विवरण

## १. आयोगको स्वरुप र प्रकृति

सूचनाको हकसम्वन्धी ऐन, २०६४ अनुसार राष्ट्रिय सूचना आयोगको स्थापना भएको हो । यो आयोगमा एक जना प्रमुख सूचना आयुक्त र एक जना महिला सहित दुई जना सूचना आयुक्त रहने व्यवस्था छ । नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत आयोगको प्रशासकीय प्रमुख रहने व्यवस्था छ । आयोगले सार्वजनिक निकायमा रहेका सूचना नागरिकको पहुँचमा पुऱ्याउने, खुला र पारदर्शी संस्कृतिको विकास गर्ने, सार्वजनिक पदाधिकारीलाई जिम्मेवार तथा जवाफदेही बनाउने, सूचना सार्वजनिक गराउन सम्बन्धित निकायलाई आदेश दिने लगायतका काम गर्नुका साथै सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले त्यस्तो सार्वजनिक गर्नु पर्ने सूचना सार्वजनिक नगरे वा मागकर्तालाई नदिएमा उजुरी, पुनरावेदन सुन्ने तथा सजाय समेत गर्दछ । हाल आयोगको केन्द्रीय कार्यालय देवीनगर, बानेश्वर-१०, काठमाडौंमा रहेको  छ ।

### क) आयोगको दुरदृष्टि

विकास, समृद्धि र सुशासनका लागि सूचनाको हकको प्रयोगबाट सुसूचित समाजको सिर्जना गर्ने ।

### ख) लक्ष्य

व्यक्तिगत मौलिक हकको संरक्षण गर्दै सूचना माथि नागरिकको पहुँच अभिबृद्धि गर्ने ।

### ग) उद्देश्य

१. सूचनाको हकको संरक्षण,  सम्बर्द्धन र प्रचलन गराउन राष्ट्रिय सूचना आयोगको कार्यान्वयन क्षमताको अभिबृद्धि गर्ने ।

२. छनौट भएका केन्द्रीय र स्थानीय सार्वजनिक निकायहरुमा सूचनाको माग र प्राप्ति सम्बन्धी व्यवस्थालाई सुदृढ गराउदै   लैजाने ।

३. सूचनाको मागमा वृद्धिका लागि क्रियाशील संस्थाहरुलाई अभिप्रेरित गर्ने तथा सहजीकरण गर्दै कार्यक्षमतामा अभिबृद्धि गर्नुको साथै सहजीकरण गर्दै लैजाने र आपूर्ति पक्षसँग सहजीकरण गर्ने ।

### घ) रणनीतिक प्राथमिकताहरु

१. सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोगको क्षमता अभिबृद्धि गर्ने ।

२. सूचनाको हकको कार्यान्वयनको लागि उपर्युक्त वातावरण निर्माण गर्ने ।

३. सूचनाको हकको कार्यान्वयनमा जवाफदेही, स्वःस्फूर्त र क्रियाशील संस्थाहरुको अभिबृद्धि गर्ने ।

## २. आयोगको काम, कर्तव्य र अधिकार

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छः**

२.१ आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत्सम्बन्धी निर्णय र आदेश दिने ।

२.२. सूचनादाताको संरक्षण गर्ने ।

२.३. सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले मनासिव कारणबिना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रुपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने ।

२.४. क्षतिपूर्तिको लागि प्राप्त निवेदन उपर वास्तविक हानि नोक्सानीलाई विचार गरी मनासिब माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराई दिन सक्ने ।

२.५. सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना सम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने ।

२.६. त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्री सम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने ।

२.७. नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

२.८. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

२.९. यस ऐन बमोजिमको दायित्व पालना गर्न, गराउन सम्बन्धित पक्षलाई आदेश दिने ।

२.१०. नेपाल सरकार तथा सूचना तथा संचारसँग सम्बन्धित विभिन्न निकायहरुलाई सूचनाको हकको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने ।


२.११. सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने आदि ।

## ३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण :

आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने कानूनी प्रावधान रहेको छ । हाल आयोगमा देहाय बमोजिमको ३७ स्विकृत दरवन्दीमध्ये हाल ३५ जना कर्मचारी कार्यरत रहेका छन् ।

| | | |
|---|---|---|
| ३.१ | स्वीकृत कर्मचारी दरवन्दी संख्या | ३७ जना |
| ३.२ | स्थायी कर्मचारी दरबन्दी संख्या | २१ जना |
| ३.३ | करार सेवा कर्मचारी | १६ जना |

# राष्ट्रिय सूचना आयोगको संगठन संरचन



**स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार आयोगमा निम्न बमोजिम शाखाहरू रहेका छन् र यी शाखाहरुको कार्यहरु देहाय अनुसार रहेको छ ।**

### ३.१ प्रशासन शाखा

- कर्मचारी प्रशासन सम्बन्धी काम गर्ने ।
- आन्तरिक प्रशासन सम्बन्धी काम गर्ने ।
- जिन्सी व्यवस्थापन गर्ने ।
- आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने ।
- वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।
- स्वीकृत कार्यक्रम सञ्चालन गर्ने गराउने ।

### ३.२ योजना, अनुगमन तथा प्रवर्द्धन शाखा

- प्रचार प्रसार सामाग्रीहरुको निर्माण, प्रकाशन तथा प्रशारण गर्ने ।
- सम्बन्धित सरोकारवाला निकाय, संघ सँस्था तथा गैरसरकारी सँस्थासँग समन्वय गरी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने ।
- गोष्ठी/सेमिनारहरुको सञ्चालन तथा व्यवस्थापन गर्ने ।
- कार्यक्रमहरुको अनुगमन, मूल्याङ्कन, समन्वय, सुपरिवेक्षण र प्रतिवेदन सम्बन्धी कार्य गर्ने ।
- सूचनाको हकसम्बन्धी प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने ।
- सूचनाको हकसम्बन्धी सभा, गोष्ठी तथा सेमिनारमा भाग लिने ।

### ३.३ पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा

- सार्वजनिक निकायको प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोग समक्ष दिएको पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउने, कुनै लिखत पेश गर्न लगाउने, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्ने तथा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने सम्बन्धी
- पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने सम्बन्धी ।
- पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने सम्बन्धी ।
- सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने सम्बन्धी ।

## ४. आयोगबाट प्रदान गरिने सेवा :

४.१ आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत्सम्बन्धी निर्णय र आदेश दिने ।

४.२. सूचनादाताको संरक्षण गर्ने ।

४.४. क्षतिपूर्तिको निवेदन परेमा मनासिब माफिकको क्षतिपूर्ति भराई दिने ।

४.५. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

४.६ सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने आदि ।

राष्ट्रिय सूचना आयोगको

# नागरिक बडापत्र

| क्र.सं. | सेवाको किसिम | सेवा प्रदान गर्ने शाखा | तल्ला | सेवा प्रदान गर्ने कर्मचारीहरू | निर्णय प्रक्रिया तथा सेवा प्राप्त गर्न पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने शुल्क | सेवा प्राप्त गर्न लाग्ने समय | सेवा प्राप्त नभएमा उजुरी/पुनरावेदन सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | सार्वजनिक निकायबाट सूचना नपाएको, गलत वा अधुरो सूचना पाएको सम्बन्धमा पुनरावेदन | पुनरावेदन तथा फैशला कार्यान्वयन शाखा | दोस्रो तल्ला | – उप सचिव श्री विश्वबन्धु पौडेल<br>– कानुन अधिकृत शान्ती वाग्ले<br>– शाखा अधिकृत श्री मन्दिरा महर्जन<br>– नायव सुब्बा श्री विदुर आचार्य<br>– क.अ. श्री गौरव गुरुङ | – सार्वजनिक निकायको प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोग समक्ष पुनरावेदन दिनसक्ने ।<br>– यसरी प्राप्त पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने ।<br>– पुनरावेदनको व्यहोरा मनासिव देखिएमा समयावधि तोकी पुनरावेदकलाई विना शुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने ।<br>– पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने ।<br>– सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने र आयोगको आदेशको कार्यान्वयनको अनुगमन गर्ने । | कुनै शुल्क नलाग्ने | पुनरावेदन परेको ६० दिनभित्र | आयोगले गरेको सजाय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने, अन्यको हकमा पुनरावेदन नलाग्ने । आयोगको कार्य र प्रक्रियाका सम्बन्धमा प्रमुख सूचना आयुक्त समक्ष उजूरी गर्न सकिने । | |
| २. | योजना तर्जुमा गर्ने, सूचनाको हकको प्रवर्द्धन गर्ने तथा अनुगमन गर्ने | योजना तथा प्रवर्द्धन शाखा | पहिलो तल्ला | – उप सचिव श्री कपिल प्रसाद उपाध्याय<br>– शाखा अधिकृत डिल्ली राम भट्ट | – योजना तथा प्रवर्द्धन शाखा प्रमुखले वार्षिक रूपमा संचालन गर्ने कार्यक्रम तयार गर्ने ।<br>– स्वीकृत वार्षिक कार्यक्रम अनुसार गर्नुपर्ने कामहरूको बजेट, कार्यक्रम र औचित्य समेत विचार गरी कार्यक्रम संचालनको लागि अवधारणा तयार गर्ने र कार्यान्वयन गर्ने ।<br>– सूचना परियोजना कार्यान्वयन गर्ने । | कुनै शुल्क नलाग्ने | निरन्तर | सचिव डा. मुकुन्द प्रसाद पौड्याल | |
| ३. | आयोगको दैनिक प्रशासन संचालन | प्रशासन शाखा | पहिलो तल्ला | – उप सचिव श्री फणिन्द्र दाहाल<br>– शाखा अधिकृत हरिहर कार्की<br>– नायव सुब्बा श्री देव बहादुर घिमिरे<br>– नायव सुब्बा श्री हेमन्त रिज्याल<br>– क.अ. श्री रविन गौतम | – कर्मचारी प्रशासन, आर्थिक प्रशासन, आन्तरिक प्रशासन गर्ने ।<br>– स्टोर व्यवस्थापन लगायत सबै काम गर्ने ।<br>– आयोगसँग सम्बन्धित सूचना माग भएबमोजिम उपलब्ध गराउने । | कुनै शुल्क नलाग्ने | कुनै शुल्क नलाग्ने | सचिव डा. मुकुन्द प्रसाद पौड्याल | |
| ४ | सूचना अधिकारी /नोडल अफिसर | | | उप सचिव विश्वबन्धु पौडेल मो.नं. ९८५१२४४६६५ | | कुनै शुल्क नलाग्ने | कुनै शुल्क नलाग्ने | | |

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

| सि.नं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १. | **प्रशासन शाखा** | श्री फणिन्द्र दाहाल | उप सचिव | |
| | | श्री हरिहर कार्की | शाखा अधिकृत | |
| | | श्री | शाखा अधिकृत | |
| | | श्री हेमन्त रिज्याल | नायव सुब्बा | |
| | | श्री देव बहादुर घिमिरे | नायव सुब्बा | |
| | | श्री रबिन गौतम | कम्प्युटर अपरेटर | |
| २. | **योजना तथा प्रवर्द्धन शाखा** | श्री कपिल प्रसाद उपाध्याय | उप सचिव | |
| | | श्री डिल्ली राम भट्ट | शाखा अधिकृत | |
| ३. | **पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा** | श्री विश्वबन्धु पौडेल | उप सचिव (कानून) | |
| | | श्री शान्ति वाग्ले | कानून अधिकृत | |
| | | श्री विदुर आचार्य | नायव सुब्बा | |
| | | श्री शान्ता न्यौपाने | नायव सुव्वा | |
| | | श्री गौरव गुरुङ्ग | कम्प्युटर अपरेटर | |
| ४. | **सचिवालय** | श्री श्री कृष्ण खत्री | शाखा अधिकृत | प्रमुख सूचना आयुक्त तथा सूचना आयुक्त |
| | | श्री मन्दिरा महर्जन | शाखा अधिकृत | सूचना आयुक्त |
| | | श्री प्रदिप कुमार दाहाल | शाखा अधिकृत | |
| ५. | **आर्थिक प्रशासन शाखा** | श्री यज्ञराज उप्रेती | लेखा अधिकृत | |
| | | श्री लक्ष्मण अर्याल | लेखापाल | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

दश पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा माथि भएमा प्रति पेज रु ५।– दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने । आयोगमा परेका उजुरी, निवेदन र पुनरावेदनको सम्बन्धमा कुनै दस्तुर नलाग्ने ।

## ७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

### निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया

नागरिकले माग गरेको सूचना १५ दिनभित्र पनि सूचना अधिकारीले उपलब्ध नगराए नागरिक सूचना अधिकारी विरुद्ध उजुरी गर्न कार्यालय प्रमुख समक्ष जानुपर्नेछ । कार्यालय प्रमुख समक्ष उजुरी परेको ७ दिनभित्र कार्यालय

प्रमुखले सूचना अधिकारीमार्फत् वा आफैं नागरिकलाई सूचना उपलब्ध गराउनुपर्छ। ७ दिनभित्र कार्यालय प्रमुखले पनि नागरिकलाई सूचना उपलब्ध नगराए नागरिकले त्यसको ३५ दिनभित्र सूचना अधिकारी र कार्यालय प्रमुख विरुद्ध राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सक्नेछन् ।

**निर्णय गर्ने अधिकारी**

सचिव भागिरथ पाण्डेय

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी**

सचिव भागिरथ पाण्डेय

**९. सम्पादन गरेको कामको विवरण (२०७८ साउन-असोज)**

**१०. Facebook/Twitter : https://www.facebook.com/rtinepal,**

**: https://twitter.com/suchanaayog आयोगबाट भईरहेको कामकारवाहीको सूचना प्राप्त गर्न सकिने ।**

**११. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद**

१. कार्यालय प्रमुख सचिव भागिरथ पाण्डेय

२. सूचना अधिकारी उपसचिव श्री विश्वबन्धु पौडेल

**१२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

**नेपालको संविधान**

- सूचनाको हकसम्बन्धी ऐन, २०६४
- सूचनाको हकसम्बन्धी नियमावली, २०६५,
- सूचनाको हक कार्यान्वयन निर्देशिका, २०६७
- सरकारी निकायले स्वतः प्रकाशन गर्नु पर्ने विवरण सम्बन्धी निर्देशिका,२०७१
- राष्ट्रिय सूचना आयोगका पदाधिकारीहरुको आचार संहिता, २०७७
- राष्ट्रिय सूचना आयोगका कर्मचारीहरुको आचारसंहिता,२०७१
- आयोगको बैठक व्यवस्था सम्बन्धी कार्यविधि, २०७२
- निवेदनको कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- उजुरी कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- पुनरावेदन कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- सूचना अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका, २०७३
- राष्ट्रिय सूचना आयोगको इजलास सञ्चालन सम्बन्धी निर्देशिका, २०७५
- सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६

## १३. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

| वजेट शीर्षक | बार्षिक बजेट | ण्ठड असोज महिनासम्मको खर्च | बााकी |
|---|---|---|---|
| पारिश्रमिक कर्मचारी | ११५००००० | ३१३२९७०।९ | ८३६७०२९।१ |
| पारिश्रमिक पदाधिकारी | २८००००० | ८७२९८६ | १९२७०१४ |
| पोशाक | २००००० | ० | २००००० |
| औषधी उपचार खर्च | २००००० | ० | २००००० |
| महंगी भत्ता | ५००००० | १०२००० | ३९८००० |
| कर्मचारीको बैक भत्ता | २००००० | ० | २००००० |
| अन्य भत्ता | २००००० | ० | २००००० |
| पदाधिकारी बैठक भत्ता | २००००० | ४४००० | १५६००० |
| योगदानमा आधारित निवृत्तिभरण तथा उपदान कोष खर्च | १००००० | ० | १००००० |
| योगदानमा आधारित विमाकोष खर्च | १००००० | २०४०० | ७९६०० |
| पानी तथा विजूली | ६००००० | ११००० | ५८९००० |
| सञ्चार महसूल | ८००००० | १२२२४५ | ६७७७५५ |
| इन्धन (पदाधिकारी) | ५००००० | ५११४८ | ४४८८५२ |
| इन्धन (कार्यालय प्रयोजन) | ६००००० | ४५०८४ | ५५४९१६ |
| सवारी साधन मर्मत खर्च | १४००००० | ० | १४००००० |
| विमा तथा नविकरण खर्च | ५००००० | ० | ५००००० |
| मसलन्द तथा कार्यालय सामाग्री | १२००००० | ४१०० | ११९५९०० |
| पूस्तक तथा सामाग्री खर्च | १००००० | ० | १००००० |
| इन्धन अन्य प्रयोजन | २००००० | १५०० | १९८५०० |
| पत्रपत्रिका, छपाई तथा सुचना प्रकाशन | ३००००० | १७०८० | २८२९२० |
| सेवा र परामर्श खर्च | ६००००० | ० | ६००००० |
| करार सेवा शूल्क | ५२००००० | १६२९०२० | ३५७०९८० |
| सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठि सम्बन्धी खर्च | २४००००० | १५०००० | २२५०००० |
| कार्यक्रम खर्च | ४१००००० | १०४७९२ | ३९९५२०८ |
| विविध कार्यक्रम खर्च | ५८००००० | ४३३३४५ | ५३६६६५५ |
| अनूगमन | ७००००० | ८४०० | ६९१६०० |
| विविध कार्यक्रम खर्च | ५००००० | ४६२६० | ४५३७४० |
| घरभाडा | ४७००००० | १११७५२४ | ३५८२४७६ |
| कुल जम्मा | ४६२००००० | ७९१३८५४।९ | ३८२८६१४५।१ |

## १४. तोकिए बमोजिमका अन्य विवरण :

- चालु आ.व. ०७८/७९ (साउन-असोज) मा उजुरी,निवेदन र पुनरावेदनको **विवरण**

राष्ट्रिय सूचना आयोग
देवीनगर काठमाण्डौं
पुनरावेदन तथा उजुरी सम्बन्धी मासिक विवरण
२०७८/८९ असोज महिनासम्म

| क. सं. | विवरण | प्राप्त कूल संख्या | | | | लिखित जवाफ माग ( दफा १० उपदफा २ बमोजिम) | | सूचना दिन आदेश ( दफा १० उपदफा ३ खण्ड क बमोजिम) | | पुनरावेदन बदर ( दफा १० उपदफा ३ खण्ड ख बमोजिम) | | कारवाहीको प्रस्ताव सहित लिखित जवाफ (दफा ३२ बमोजिम) | | कारवाहीको आदेश (दफा ३२ बमोजिम) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | यस महिना | | यस महिना सम्म | | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | |
| | | आफ्नो | सार्वजनिक चासो | आफ्नो | सार्वजनिक चासो | | | | | | | | | | | |
| १ | पुनरावेदन ( दफा १०) | - | ६७ | | ३०४ | ७१ | ३३२ | ८८ | १५७ | ४६ | ४८ | २ | २ | १ | १ | - |
| २ | जिउ ज्यानको सुरक्षासंग सम्वन्धित (दफा ७ उपदफा ४) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ३ | दरपिठ (नियम ५ उपनियम ५) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ४ | सूचनाको दुरुपयोग सम्वन्धी उजुरी (दफा ३१) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ५ | सजाय गर्न उजुरी (दफा ३२) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ६ | क्षतिपुर्ति माग ( दफा ३३) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ७ | आयोगको निर्णय उपर पुनरावेदन ( दफा ३४) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ८ | अन्य उजुरी | | | | | | | | | | | | | | | |
| | जम्मा | | ६७ | | ३०४ | ७१ | ३३२ | ८८ | १५७ | ४६ | ४८ | २ | २ | १ | १ | - |

**सहायक विवरण असोज महिना सम्म**

| क.सं. | विवरण | लिङ्ग | | | तिन तहसंग सम्वन्धित | | | प्रदेश | | | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | अन्य | संघ | प्रदेश | स्थानिय | १ | २ | बागमति | गण्डकी | लुम्विनि | कर्णाली | सुदूर पश्चिम | | |
| १ | पुनरावेदन ( दफा १०) | ६० | ७ | - | २ | - | ६२ | - | | - | - | - | - | - | - | - |
| २ | जिउ ज्यानको सुरक्षासंग सम्वन्धित ( दफ ७ उपदफा ४) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ३ | दरपिठ ( नियम ५ उपनियम ५) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ४ | सूचनाको दुरुपयोग सम्वन्धी उजुरी (दफा ३१) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ५ | सजाय गर्न उजुरी (दफा ३२) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ६ | क्षतिपुर्ति माग (दफा ३३) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ७ | आयोगको निर्णय उपर पुनरावेदन ( दफा ३४) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ८ | अन्य उजुरी | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| | जम्मा | ६० | ७ | - | २ | - | ६२ | | | | | | | | | |

## १५. आ.व. ०७७/७८ (साउन- असोज) मा सञ्चालित मुख्य मुख्य कार्यक्रमहरुको विवरण

### राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष श्री गणेशप्रसाद तिमिल्सिनाज्यूको प्रमुख आतिथ्यतामा सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवसका अवसरमा आयोजित राष्ट्रिय विचार गोष्ठी

संयुक्तराष्ट्र संघको महासभाले १५ अक्टोबर २०१९ मा सेप्टेम्बर २८ लाई प्रत्येक बर्ष सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवसका रुपमा मनाउने गरि निर्णय गरेको सन्दर्भमा राष्ट्रिय सूचना आयोगले पनि संयुक्त राष्ट्रसंघले घोषणा गरेको दिगो विकास लक्ष्यको सूचकाङ्क मध्ये १६.१०.२ मा सूचनाको हकसम्बन्धी सूचकाङ्क र जसमा सूचनामा सबै जनताको पहुँच सुनिश्चित गर्ने भन्ने उद्देश्य रहेको सन्दर्भमा सूचनाको हकको प्रचलन , प्रवर्द्धन,सूचनामा पहुँच कायम गर्ने गराउने विषयमा केन्द्रित भई मिति २०७८ असोज १२ गते अल्फा हाउस वानेश्वरमा राष्ट्रिय विचार गोष्ठी आयोजना गरिएको थियो ।




राष्ट्रिय सूचना आयोगका कानून अधिकृत श्री शान्ति वाग्लेले सञ्चालन गर्नुभएको कार्यक्रमको मूल समारोहको अध्यक्षता सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङ्गले गर्नुभएको थियो । प्रमुख अतिथिको आशन ग्रहण राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाले गर्नुभएको थियो भने अतिथिको रुपमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा.विश्वनाथ पौडेल, सूचना आयोगका सूचना आयुक्तज्यूहरु,सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा. बैकुण्ठ अर्याल, सूचना आयोगका सचिवज्यू,नेपाल पत्रकार महासंघका सभापति श्री विपुल पोखरेल रहनु भएको थियो । कार्यक्रममा विभिन्न निकायका सूचना अधिकारीज्यूहरू, नेपाल पत्रकार महासंघका प्रतिनिधिहरू, सूचनाको हकका अभियान्ताहरू सञ्चारकर्मीहरु र आयोगका कर्मचारीहरु उपस्थिति रहेको थियो । कार्यक्रमको शुरुवात राष्ट्रिय गान वाट गरिएको थियो ।

आयोगका सचिव श्री भागीरथ पाण्डेयले दिगो विकास लक्ष्य प्राप्तिका लागि नेपालले प्रयास गरिरहेको र कार्यक्रमले दिगो विकास लक्ष्य प्राप्तिमा महत्वपूर्ण योगदान पुग्ने विश्वास लिएको कुरा व्यक्त गर्नुहँदै कार्यक्रमलाई सफल बनाइदिन प्रमुख अतिथि,अतिथिहरु र कार्यक्रममा उपस्थित सम्पूर्णमा अनुरोध गर्दै आफ्नो स्वागत मन्तव्य राख्नु भयो ।

सञ्चार तथा सूचना प्रविधि सचिव डा.वैकुण्ठ अर्यालज्यूले सूचनाको हकलाई कसरी कार्यान्वयन गर्ने र प्रत्येक सूचनाहरु सरोकारवालाहरु संग कसरी पुर्‍याउने भन्ने विषयमा संचार मन्त्रालयले गृहकार्य गरिरहेको, सूचनाको वर्गीकरण जरुरी रहेको र नेपाल डिजिटल युगमा प्रवेश गरेको भनेर दावी गरिरहँदा डिजीटल प्रविधिको उपयोग वा दूरुपयोगवाट के कस्ता परिणामहरु देखा परेका छन र दूरुपयोगहरुलाई रोक्नका लागि कस्ता कदमहरु चाल्नु पर्छ भन्ने विषयमा सरोकारवालाहरु संग छलफल समेत चलिरहेको भनाइ राख्नु भयो । सरकारी र नीजि क्षेत्रको संयुक्त भूमिकावाट मात्र सही सूचना सर्वसाधारण माझ पुर्‍याउन नीतिगत र प्रक्रियागत भूमिका निर्वाह गर्न मन्त्रालय तत्पर रहेका कुरा व्यक्त गर्नुभएको थियो ।

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा.विश्वनाथ पौडेलज्यूले सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवसका अवसरमा आयोजित दिगो विकास लक्ष्यः सूचनामा पहुँच(१६.१०.२) को अवस्था र कार्यदिशा विषयक राष्ट्रिय गोष्ठीमा मन्तव्य राख्ने क्रममा योजना आयोगले यस सम्बन्धमा आयोगको आफ्नो धारणा प्रस्तुत गर्दै सूचनाको हकको भूमिकालाई “WIN” अर्थात् Wealth, Instrument of Efficiency, Nation Building मा महत्वपूर्ण हुनेमा जोड दिनुभयो ।

त्यस्तै मन्तव्य राख्ने क्रममा नेपाल पत्रकार महासंघका सभापति श्री विपुल पोखरेलले सूचनाको हकको कानून निमार्णको संसारभरिको अभियानलाई हेर्ने हो भने संसारमा ९० को दशकमा लोकतन्त्र स्थापना गर्ने लहर चले संगै सूचनाको हकको कानून बनाउने र सूचनाको हकका सम्बन्धमा जनमानसलाई जागरुक र

उत्प्रेरित वनाउने क्रम आज प्रयन्त चलिरहेको र लोकतन्त्र संग सूचनाको हकको अन्योन्याश्रित सम्बन्ध रहेको त्यसैले लोकतन्त्र संधै जीवित होस भन्नका लागि पनि सूचनाको हकलाई मजवुत वनाउनु जरुरी रहेको भनाइ राख्नु भएको थियो । सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्नका लागि संसार जसरी यो कर्ममा होमिएको छ सूचनामा नागरिकको सहज पहुँच भयो भने मात्र दिगो विकासको लक्ष्य हासिल गर्न सहयोग पुग्ने छ । सूचनाको गलत प्रयोग हुन्छ की भनेर त्यसवाट सूचना माग्नेलाई विमुख पार्ने हो भने हामीले हासिल गर्न खोजेको लक्ष्य प्राप्त हुन कठीन हुन्छ । सूचना पत्रकारले माग्ने र पत्रकारले लेखेको समाचार नागरिकले पढेर थाह पाउने हो भन्ने भ्रम चिर्नु जरुरी छ रहेको भनाई राख्नु भएको थियो ।
उद्घाटन मन्तव्यका क्रममा प्रमुख अतिथि राष्ट्रिय सभाका सम्मानननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाज्यूले सूचना प्राप्त गर्ने व्यक्तिलाई सूचना माग गर्न उत्प्रेरित गर्नुपर्ने,राजनैतिक दल ,सामाजिक संघ संस्था, संघ ,प्रदेश र स्थानीय तह सवैले सूचना दिने तत्परता देखाउनु पर्ने, सूचना प्रवाह वाट पारदर्शित बढ्ने र समाजवाट भ्रष्टाचार न्यूनीकरण हुने भनाइ राख्नुहुँदै पढे लेखेका शिक्षित र शहर केन्द्रित गोष्ठी सेमिनार आयोजना गरेर सूचनाको हकका विषयमा जागरुक गराउने विषयलाइ दूर दराजमा बसेका अशिक्षित,दुःखी र गरीव किसानहरुलाई समेत जागरुक गराउने तर्फ लाग्नुपर्ने त्यस्तै राजनीतिक दलमा पनि पारदर्शिता हुनपर्ने भन्दै नेपाल सूचनाको हकमा, पारदर्शिताको हकमा नमूना योग्य हुन सकोस भन्दै आफ्नो मन्तव्यमा राख्नु भएको थियो ।
आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङज्यूले समापन मन्तव्यका क्रममा सूचनाको हक सम्बन्धी महत्वलाई बुझेर सं.रा.सं.ले सन २०१९ मा सूचनाको सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवस हरेक वर्ष सेप्टेम्बर २८ का दिन मनाउन सं.रा.संको महासभाले निर्णय गरेको र यसै सन्दर्भमा सं.रा.सं.ले घोषण गरेको दिगो विकासको लक्ष्य हासिल गर्न नेपाल पक्ष राष्ट भएकोले हाम्रो पनि यो लक्ष्य हासिल गर्न प्रतिवद्धता आवश्यक छ भन्ने भनाइ राख्नु भएको थियो ।




सूचनाको हक सम्बन्धी व्यवस्थाको उचित अभ्यासले सुशासन ल्याउने भएकोले माग पक्षद्धारा माग गरिएका कुनै पनि सूचनाहरु दिन आनाकानी गर्न नहुने तर्फ सरोकारवाला सवैको ध्यान जानु जरुरी हुने र नागरिकले गरेको अनुगमन भन्दा वलियो अरु कुनै अनुगमन नहुने साथै नेपाली नागरिकहरुले सूचनाको हकको प्रयोग गरेर आफूलाई सशक्त र वलशाली वनाउनु पर्ने भनाइ राख्दै कार्यक्रमको पहिलो सत्रको समापन गर्नु भएको थियो।

**सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवसका अवसरमा आयोजित दीगो विकास लक्ष्यः सूचनामा पहुँच(१६.१०.२)को अवस्था र कार्यदिशा विषयक राष्ट्रिय गोष्ठीमा विभिन्न कार्यपत्र प्रस्तुत**

सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवसका अवसरमा आयोजित दीगो विकास लक्ष्यः सूचनामा पहुँच(१६.१०.२)को अवस्था र कार्यदिशा विषयक राष्ट्रिय गोष्ठीमा सम्बन्धित क्षेत्रका विज्ञहरुद्धारा विभिन्न कार्यपत्र प्रस्तुत गरिएको थियो । कार्यपत्र सत्रमा आयोगका सूचना आयुक्त श्री रत्न प्रसाद मैनालीले दिगो विकास लक्ष्य र सूचनामा पहुँच विषयक कार्यपत्र प्रस्तुत गर्दै उक्त लक्ष्य प्राप्तिका लागि राजनीतिक तथा प्रशासनिक नेतृत्व दुवैको भूमिका महत्वपूर्ण हुने विचार व्यक्त गर्नुभयो । त्यस्तै फ्रिडम फोरमका कार्यकारी प्रमुख श्री तारानाथ दाहालले कार्यपत्र प्रस्तुति गर्दै सूचनाको हक विकासको महत्वपूर्ण औजार रहेको र सो का लागि राष्ट्रिय लक्ष्य,राष्टिय कानून र कार्यान्वयन पक्ष बलियो हुनुपर्ने कुरा कार्यपत्रमा प्रस्तुत गर्नुभयो । पूर्व सूचना आयुक्त यशोदा देवी तिम्सिनाले सूचना लिने र दिने संस्कृतिको विकास साथै कार्यान्वयन पक्ष बलियो बनाउनु पर्ने कुरा राख्नु भएको थियो भने राष्ट्रिय योजना आयोगका सदस्य सचिव श्री केवल प्रसाद भण्डारीले सूचनाको सही र प्रभावकारी प्रयोग भएको खण्डमा दिगो विकास लक्ष्य प्राप्तिका लागि सहज हुने धारणा आफ्नो कार्यपत्र प्रस्तुतीका क्रममा राख्नु भएको थियो ।कार्यपत्र पश्चात सहभागिहरुको तर्फवाट राखिएको जिज्ञासाको जवाफसम्बन्धित कार्यपत्र प्रस्तुतकर्ताहरुवाट जवाफ दिइएको थियो ।




**अन्तराष्ट्रिय सूचना दिवसका अवसरमा पुरस्कार वितरण**

सूचनाको माग र प्रवाहमा महत्वपूर्ण योगदान पुऱ्याई सुशासनको अनुभूति दिलाउन सहयोग गर्ने माग पक्षको रूपमा रहेका सूचनाको हकका ५ जना अभियान्ता, आपूर्ति पक्षको रूपमा रहेका सार्वजनिक निकायका ५ जना सूचना अधिकारी र आयोगमै रही उत्कृष्ट कार्यसम्पादन गर्ने ३ जना कर्मचारीहरुलाई कार्यक्रममा नगद पुरस्कारसहित कदर पत्रले सम्मानित गरिएको थियो ।




**पुरस्कृत हुने व्यक्तिहरूको नामावली निम्नानुसार रहेको छ :**

**माग पक्ष**

१ अजय कुमार साह - त्रियुगा नगरपालिका ११, उदयपुर
२ डा. मुन्ना कुमार मिश्र - सिम्रौनगढ नगरपालिका ७ , बारा
३ शैलेन्द्र कुमार महतो - बटेश्वर गा.पा. २ धनुषा
४ इश्वरा तिवारी - हल्दिवारी गा.पा. ३ झापा
५ रामपुकार रौनियार - विरगंज नगरपालिका ८, पर्सा

**आपूर्ति पक्ष**

१ दयाराम तिवारी - मुस्लिम आयोग
२ सुरज कुमार भुजेल - थाह नगर पालिका, मकवानपुर
३ राजेश चौधरी - प्रदेश निर्वाचन कार्यालय, कैलाली
४ नवराज गिरी - जिल्ला हुलाक कार्यालय, ताप्लेजुङ्ग
५ सरोज खतिवडा - जिल्ला हुलाक कार्यालय,खोटाङ

**राष्ट्रिय सूचना आयोगका कर्मचारी**

१ कपिल प्रसाद उपाध्याय - उप सचिव
२ शान्ति वाग्ले - कानून अधिकृत
३ रविन गौतम - कम्प्यूटर अपरेटर

**थाहा नगरपालिका मकवानपुरमा स्थानिय तहका जनप्रतिनिधी, समुदाय र समूहसँग सूचनाको हकसम्बन्धी अन्तरकिया कार्यकम**

२०७८ साल असोज १८ गते थाहा नगरपालिका, मकवानपुरमा सूचनाको हक कार्यान्वयन सम्बन्धी अन्तरकिया कार्यकम सम्पन्न गरिएको छ । आयोगको आयोजनामा गरिएको उक्त कार्यकम जेसिस हलमा सम्पन्न भएको थियो । आयोगका सूचना आयुक्त श्री कमला ओलीको अध्यक्ष्यता रहेको उक्त कार्यकमको प्रमुख अतिथि थाहा नगरपालिकाका मेयर श्री लवशेर विष्टले गर्नु भएको थियो । स्थानीय तहका

जनप्रतिनिधि, कर्मचारी, विभिन्न पेसा व्यवसायका व्यक्ति, पत्रकार, अभियान्ता तथा विभिन्न समूहहरुको सहभागिता रहेको उक्त कार्यक्रम दिनको ११ बजे शुरु भएर २ बजे समापन भएको थियो ।

उक्त कार्यक्रममा आयोगका आयुक्त श्री कमला ओली थापाले सहि सत्य तथ्य सूचना प्रवाह गर्ने सन्दर्भमा सार्वजनिक निकायले कन्जुस्याँई नगर्न आग्रह गर्दै सूचना मागकर्ता र सूचना दाता बीचको सम्बन्ध सुदृढ रहनुपर्ने कुरामा जोड दिनुभयो । आयोगका सचिव श्री भागीरथ पाण्डेयले सूचनाको हक कार्यान्वयनमा सार्वजनिक निकायको दायित्व र कानूनी प्रावधानको विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने थाहा नगरपालिकाका मेयर श्री लवशेर विष्टले सूचनाको हक कार्यान्वयनमा थाहा नगरपालिका अगाडी रहेको र सँधै यो विषयलाई अग्रपंक्तिमा राखेर काम गरेको पनि बताउनु भयो । थाहा नगरपालिकाका उपमेयर खड्ग बा गोपालीले पनि मन्तव्य राख्नु भएको थियो भने यस कार्यक्रममा आयोगका उपसचिव कपिल प्रसाद उपाध्यायले स्वागत मन्तव्य गर्नु भएको थियो । उक्त कार्यक्रममा सहभागीका तर्फबाट उठाइएका प्रश्नको जवाफ दिई आयुक्त श्री कमला ओलीले कार्यक्रमको समापन गर्नु भएको थियो ।






**१५.१ अन्य कार्यक्रम**

- रेडियो नेपालसँग सूचनाको हकसम्बन्धी जानकारीमूलक सामग्री उत्पादन र प्रसारण भैरहेको ।
- नेपाल टेलिभिजनसँग सूचनाको हकसम्बन्धी जानकारीमूलक सामग्री उत्पादन र प्रसारण भैरहेको
- गोरखापत्र दैनिकमा सूचनाको हकसम्बन्धी जानकारीमूलक सामग्री प्रकाशन गर्ने सम्झौता भएको ।

**१५.२ बुलेटिन प्रकाशन**

- आयोगबाट भएका क्रियाकलाप तथा कार्यहरुबारे सबैमा जानकारी गराउनका साथै अभिलेखका रुपमा राख्न सकिने उद्देश्यबाट आयोगले सुरु गरेको त्रैमासिक प्रकाशन "सूचना मेरो अधिकारी" बुलेटिन नेपाली र अंग्रेजीमा प्रकाशन गर्ने गरिएको छ ।

**१५.३ आयोगबाट मिति २०७८ साउन देखि असोज मसान्तसम्म जरिवानाहरु**

| सि.नं. | पुनरावेदक नाम | संस्थाको नाम | जरिवाना रकम | मिति | कैफियत |
|---|---|---|---|---|---|
| | आदित्य दाहाल | पद्मकन्या क्याम्पस, बागबजार, काठमाडौँका क्याम्पस प्रमुख धनप्रसाद पण्डित | १५०००।- | २०७८।०६।२० | |

## १५.४ आयोगबाट मिति २०७८ साउन देखि असोज मसान्तसम्म भएका बैठकका निर्णयहरु

**बैठक निर्णय नं. २६४(३)२४**

**मिति २०७८।०४।२८**

**निर्णय**

१. नेपाल सरकारले निषेधाज्ञाको अवधि थप गर्दै गएको र कोभिडका बिरामी दिन प्रतिदिन बढ्दै गएका कारण कुनै प्रकारका सभा, सम्मलेन गोष्ठी, सेमिनार, दिवस जस्ता कार्यक्रम नगर्न निर्देशन गरेको हुँदा यस वर्षको राष्ट्रिय सूचना दिवस भौतिक उपस्थितिमा मनाउन सक्ने अवस्था रहेन । दिवसको अवसरमा गोरखापत्रमा शुभकामना सन्देश प्रकाशन गर्ने । यस वर्ष समारोह र औपचारिक कार्यक्रम नगर्ने भएपछि राष्ट्रिय सूचना दिवसका दिन आयोग परिसरमा व्यानर झुण्ड्याई प्रेस विज्ञप्ती जारी गर्ने निर्णय गरियो ।

२. कपिलवस्तु न. पा.-७ निवासी श्री अनुप पन्थीले मिति २०७८।०४।१४ मा देहाय बमोजिमको बिषयमा आयोगबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को उपदफा (क) बमोजिमको आदेश हुन निवेदन प्राप्त भएको ।

(क) उपरोक्त सम्बन्धमा म निवेदक बी. पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट सन् २०११ मा बि. डि. एस. उत्तिर्ण गरेको नेपाली नागरिक हुँ । उक्त प्रतिष्ठानको भूतपूर्व विद्यार्थीका हैसियतले त्यहाँ चलिरहेको संस्थागत सुधार अभियानमा क्रियाशील रहेको छु ।

(ख) प्रतिष्ठानका उच्च पदाधिकारीको संलग्नतामा भएका भ्रष्टाचारजन्य गम्भीर प्रकृतिका विकृति विसंगतीको निवारणका लागि सरकारी तथा गैर सरकारी तहबाट विभिन्न प्रयास भै रहेका छन् । त्यस्ता प्रयासलाई सफल बनाउने सम्बन्धमा सम्मानीत राष्ट्रिय सूचना आयोगको पनि अर्थपूर्ण भूमिका रहेको हुँदा प्रस्तुत निवेदन पेश गरेको छु ।

(ग) प्रतिष्ठानबाट गरिने सार्वजनिक खरिदमा व्यापक अनियमितता रहेको छ । प्रतिष्ठानले स्वास्थ्य सामाग्री आपूर्ति गर्दा प्रतिष्ठानका उच्च पदाधिकारी र निकटस्थ आपूर्तिकर्ता बीचको मिलेमतोमा चलनचल्ती भन्दा कयौं गुणा बढी मूल्यमा खरिद गरेको देखिन्छ । जसले गर्दा प्रतिष्ठान आर्थिक रुपमा धराशायी भएको छ । जबकि खरिद प्रक्रियामा संलग्न पदाधिकारी तथा आपूर्तिकर्ता व्यवसायीले भने अकुत सम्पत्ति आर्जन गर्न सफल भएका छन् ।

(घ) प्रतिष्ठानबाट सार्वजनिक खरिदको क्रममा छनौट भएको आपूर्तिकर्ताको विवरण, बोलपत्र प्रस्तावको पूर्ण पाठ, त्यसमा उल्लिखित आपूर्ति गरिने सामाग्रीको नाम, परिमाण, गुणस्तर, दररेट, मूल्य सहितको सम्पूर्ण विवरण तथा खरिद सम्झौता प्रतिष्ठानको वेवसाइट मार्फत सार्वजनिकीकरण गरेको खण्डमा सार्वजनिक खरिदको क्रममा हुने भ्रष्टाचारको निवारणमा विशेष रुपमा टेवा पुग्ने देखिन्छ । भ्रष्टाचार निवारणका लागि यस प्रकारका सूचनामा नागरिकको पहुँच सुनिश्चित गरिनु अपरिहार्य छ ।

(ङ) अतः सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(छ) बमोजिम तथा उक्त प्रावधानले दिएको अधिकार प्रयोग गरी आयोगबाट विगतमा भएका आदेश समेतलाई आधार मानी बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा सम्पूर्ण सार्वजनिक निकायका सम्बन्धमा देहाय बमोजिमको आदेश जारी गरी पाउँः-

१. सार्वजनिक खरिदको क्रममा छनौट भएको आपूर्तिकर्ताको विवरण, बोलपत्र प्रस्तावको पूर्ण पाठ, त्यसमा उल्लिखित आपूर्ति गरिने सामाग्रीको नाम, परिमाण, गुणस्तर, दररेट, मूल्य सहितको सम्पूर्ण विवरण तथा खरिद सम्झौता सम्बन्धित सार्वजनिक निकायको वेवसाइट मार्फत सार्वजनिकीकरण गर्ने गराउने ।

२. प्रकरण नं. १ को प्रयोजनका लागि बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानका हकमा सोझै आदेश गर्ने । अन्य सार्वजनिक निकायका हकमा प्रत्येक सार्वजनिक निकायलाई सोझै आदेश दिने वा त्यसो गर्न सम्भव नभएमा प्रत्येक सार्वजनिक निकायको तालुक निकाय मार्फत परिपत्र गरी आदेश कार्यान्वयन गर्ने गराउने ।

३. (क) उल्लेखित विषय सार्वजनिक खरिद ऐनसँग सम्बन्धित भएको हुँदा आदेश दिनु अगाडी सम्बन्धित निकायसँग छलफल गर्न उपयुक्त हुने भएकोले मिति २०७८।०४।२८ का दिन सार्वजनिक खरिद अनुगमन कार्यालयका प्रमुखलाई छलफल गर्न आमन्त्रण गरिएको थियो । छलफलका क्रममा सार्वजनिक खरिदका कार्य प्रक्रिया तथा निर्णय जति सक्दो पारदर्शी बनाउन आवश्यक रहेको सन्दर्भमा माग भए बमोजिमको आदेश गर्न उपयुक्त भएको राय छलफलमा सहभागी कार्यालयका सहसचिवबाट व्यक्त भएको छ ।

(ख) लोकतान्त्रिक पद्धतिको महत्वपूर्ण पक्ष भनेको सर्वसाधारण नागरिकको सहभागिता र संलग्नता हो । सर्वसाधारण नागरिकका नाममा वा सर्वसाधारण नागरिकका लागि गरिने प्रत्येक कार्य, क्रियाकलाप, नीति निर्माण, खरिद तथा खर्चको विवरणका बारेमा सर्वसाधारण नागरिकले थाहा पाउनु आवश्यक हुन्छ । देशको समृद्धिका लागि पारदर्शी, जवाफदेही, उत्तरदायी सार्वजनिक निकायको आवश्यकता पर्दछ । यहि आवश्यकतालाई महशुस गरी विश्वभर र नेपालमा पनि नागरिकलाई सूचनाको हक संवैधानिक र कानूनी रुपमा नै प्रदान गरिएको छ । नेपालको संविधान को धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि बिषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ भने सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ भन्ने उल्लेख भएको, उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने उल्लेख भएको छ । सार्वजनिक निकायले प्रत्येक ३ महिना अन्त्य भएको १५ दिन भित्र त्यस निकायबाट सम्पादन भएका क्रियाकलाप, खर्चका बारेमा स्वतः प्रकाशन गर्न पर्ने व्यवस्था गरेको छ । साथै सार्वजनिक निकायको दायित्व नै हो; सार्वजनिक सरोकारका विषयहरुमा सूचना माग्न नै नपर्ने गरी नियमित रुपमा सार्वजनिक गर्दै जानु ।

(ग) देशलाई आर्थिक विकासको बाटोमा द्रुत गतिमा लैजान प्रत्येक वर्ष सार्वजनिक निकायहरु मार्फत नियमित रुपमा ठूला देखि साना आकारका खरिदहरु हुने गरेको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयको वार्षिक प्रतिवेदन २०७७ का अनुसार विद्युतीय माध्यमबाट मात्र बोलपत्र आह्वान भएको लागत ५३ खर्ब ९३ अर्ब भन्दा बढी रहेको पाइन्छ । त्यस भन्दा बाहेक पनि खरिद गरिने हुँदा कूल खरिद गरिने रकमको आकार निकै ठूलो हुने स्पष्ट छ । यस्ता खरिद प्रक्रियामा पारदर्शिताको अभावमा अनियमितता हुन सक्ने संभावनालाई नकार्न सकिँदैन । सार्वजनिक निकायहरु खरिद प्रक्रियामा स्वच्छ, पारदर्शी जवाफदेही भई दिँदा सार्वजनिक खर्च उपयुक्त ठाउँमा भई उपलब्धिमूलक हुन सक्छ भने अनियमितता तथा दुरुपयोग भै दिँदा खोजेको प्रतिफल नपाउने मात्र नभई सिमित व्यक्तिलाई मात्र लाभ पुग्ने अवस्था आउन सक्छ ।

(घ) समय समयमा सार्वजनिक खरिदमा भएका अनियमितता तथा भ्रष्टाचारका विषयहरु सार्वजनिक हुने गरेका छन् । कतिपय अवस्थामा छानबीन भै कारबाहीको प्रक्रियामा समेत गएका छन् भने कतिपय भ्रष्टाचार सम्बन्धी मुद्दामा परी जेल सजायँ भएका छन् । सर्वसाधारण नागरिकको रगत पसिनाबाट उठाएको राजश्व खर्च गरी गरिने सार्वजनिक खरिदका प्रक्रिया जति पारदर्शी हुन सक्यो त्यति नै अनियमितता कम हुने अवस्था हुन्छ । सार्वजनिक निर्माणस्थलमा तोकिएको विवरण सहितको बोर्ड राख्ने सम्बन्धी निर्देशन पटक पटक नेपाल सरकारले पनि गरेको पाइन्छ । सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व

ऐन, २०७६ तथा सार्वजनिक खरिद ऐन, २०६३ र यस अन्तर्गत बनेका नियम तथा कार्यविधिले पनि पारदर्शितालाई मूल आधार बनाएको पाइन्छ । सार्वजनिक खरिद सार्वजनिक चासोको विषय पनि हो ।

(ङ) उल्लेखित सन्दर्भलाई समेत ध्यानमा राखी सार्वजनिक खरिदका सन्दर्भमा नेपाल सरकारका निकायहरुका हकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालय मार्फत, प्रदेशस्तरका सार्वजनिक निकायका हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत र स्थानिय तहका हकमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमार्फत र वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकूलपतिका नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(छ) बमोजिम देहायका कार्य गर्न गराउन निर्देशन दिने ।

१. सार्वजनिक खरिद सम्बन्धी सम्पूर्ण कार्यहरू (शुरुदेखि अन्त्यसम्म) पारदर्शी बनाउने । यसका लागि प्रत्येक सार्वजनिक निकायले आफ्नो वेवसाइटमार्फत र अन्य माध्यमबाट समेत सार्वजनिक गर्दै जाने ।

२. सार्वजनिक खरिद सम्बन्धी सम्झौता खरिद कार्य सम्पन्न भएको समयदेखि १ वर्षसम्म अनिवार्य रुपमा सार्वजनिक निकायको वेवसाइटमा राख्ने ।

३. सार्वजनिक खरिद सम्बन्धी विषयलाई सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (४) बमोजिम प्रत्येक तीन महिनामा प्रकाशन गर्ने प्रकाशनमा अनिवार्य रुपमा समावेश गर्ने ।

४. भौतिक निर्माण सम्बन्धी सार्वजनिक खरिद भएको अवस्थामा निर्माणस्थलमा अनिवार्य रुपमा निर्माण कार्यको नाम, निर्माणकर्ताको नाम, ठेगाना, सम्पर्क नं., खरिदको मूल्य, निर्माण सम्पन्न हुने मिति, निर्माणका मूख्य मूख्य क्रियाकलाप, निरिक्षण वा अनुगमन गर्ने निकाय र पदाधिकारीको नाम, पद र सम्पर्क नं. उल्लेख गरेको बोर्ड राख्न लगाउने ।

५. सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिद सम्बन्धी कानूनमा सार्वजनिक खरिद सम्बन्धी क्रियाकलापलाई थप पारदर्शी हुने व्यवस्था/प्रावधान समावेश गर्न तथा बुँदा नं. १, २ र ३ बमोजिम भए नभएको अनुगमन गर्न निर्देशन दिने ।

६. अन्य विविध बिषयमा छलफल भयो ।

## बैठक नं. २६५(३)२५
## मिति २०७८।०६।०७
## निर्णय

१. श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७८।०४।१० को पत्र मार्फत राय माग गरिएको विषयतर्फ अध्ययन गर्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधिनमा रही सूचनाको हक हुनेछ भन्ने व्यवस्था भएको र सोही दफाको उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने उल्लेख छ । उक्त ऐनको दफा ७ को उपदफा (१) मा यस ऐन बमोजिम कुनै सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले त्यस्तो सूचना प्राप्त गर्नु पर्ने कारण खुलाई सम्बन्धित सूचना अधिकारी समक्ष निवेदन दिनु पर्नेछ भन्ने व्यवस्थालाई थप स्पष्ट गराई रहन पर्ने अवस्था नदेखिएको र सार्वजनिक निकायमा सूचना प्राप्त गर्नु पर्ने कारणसम्म खुलाई सूचना माग गरेको अवस्थामा सूचना दिनै पर्ने व्यहोरा लेखी पठाउने निर्णय भयो ।

२. निर्वाचन आयोगमा सूचनाको हकसम्बन्धी कानून अन्तर्गत रही सूचना माग सम्बन्धी निवेदन दिन जाँदा तोक लगाए पछि मात्र दर्ता गर्ने व्यवस्था रहेको कारणबाट सूचना मागकर्तालाई झण्झटिलो तथा ढिला र तोक लगाउन पनि सम्बन्धित पदाधिकारी खोज्दै हिँड्न पर्ने अवस्था सृजना भएको भनी यस आयोगमा निवेदन पर्न आएको छ । सार्वजनिक निकायहरुमा सर्वसाधारण नागरिकले कुनै पनि विषयमा निवेदन वा आवेदन लिएर जाँदा तोक लगाउन कै लागि लामो समय लाग्ने विषय अहिलेको आधुनिक तथा लोकतान्त्रिक शासन पद्दतिमा सुहाउँदो विषय हुन सक्दैन । त्यसमा पनि नेपालको संविधान तथा कानूनबाट नागरिकको मौलिक हकको रुपमा स्विकारिएको सूचनाको हकसम्बन्धी निवेदन दर्ता गराउन तोक लगाउन पर्ने व्यवस्था गर्नु गराउनु नागरिक मैत्री प्रशासनको रुपमा लिन मिल्ने देखिँदैन । तसर्थ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को व्यवस्था बमोजिम दर्ता हुन आएमा निवेदन तोक लगाए पछि मात्र दर्ता गर्ने व्यवस्था नगरी सरल र सहज रुपमा दर्ता गर्ने व्यवस्था गर्न गराउन निर्वाचन आयोगका कार्यालय प्रमुखलाई लेखी पठाउने निर्णय भयो ।

३. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ८ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ४ ले तोकेको दस्तुर सम्बन्धमा कतिपय सार्वजनिक निकायमा अन्यौल रहेको विषय आयोगको जानकारीमा आएको हुँदा प्रचलित सूचनाको हकसम्बन्धी नियमावली, २०६५ संशोधनको क्रममा प्रस्तुत विषयलाई थप स्पष्ट गराउने गरी हाल प्रचलनमा रहेको नियम ४(२) बमोजिम सूचना प्राप्त गर्दा लाग्ने दस्तुरको सम्बन्धमा सूचना जति सुकै पृष्ठको भएता पनि दश पृष्ठसम्म शुल्क नलिने र सोभन्दा बढी प्रति पृष्ठको नियम ४(२) बमोजिमको दस्तुर लिने व्यवस्था मिलाउन संघीय सार्वजनिक निकायका हकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत, प्रदेशका सार्वजनिक निकायका हकमा मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत र स्थानीय तहका सार्वजनिक निकायका हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत परिपत्र गर्ने निर्णय गरियो ।

४. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम सजायका लागि र दफा ३३ बमोजिम सार्वजनिक निकायमा पेश गर्ने निवेदनको ढाँचा तर्जुमा गरी आगामी बैठकमा पेश गर्ने ।

५. आयोगमा पुनरावेदन तथा उजुरी सम्बन्धी मासिक प्रतिवेदन र प्रशिक्षण/अभिमुखीकरण/पृष्ठपोषण/सम्मेलन/गोष्ठी/अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन सम्बन्धी प्रस्तावित ढाँचा स्वीकृत गरी प्रचलनमा ल्याउने निर्णय गरियो ।

६. सूचनाको हकसम्बन्धी रणनीतिक योजनाको प्रस्तावित मस्यौदामा संशोधन गर्नुपर्ने कुनै विषय भएमा आयोग र सचिवालयका पदाधिकारीले टिपोट गरी मिति २०७८ असोज १९ गते सुझाव पेश गर्ने निर्णय गरियो ।

**१६. सार्वजनिक निकायको वेवसाइट :**

यस राष्ट्रिय सूचना आयोगको वेबसाइट **www.nic.gov.np** रहेको छ ।

**१७. आयोगले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली:** सबै सूचना खुल्ला रहेको ।

**१८. आयोगमा परेका सूचना माग सम्बन्धी निवेदन : माग भएको र उपलब्ध गराएको १ वटा ।**

**१९. यस आयोगबाट निम्न प्रकाशन प्रकाशन गरी वितरण भएको छ ।**

१९.१ बार्षिक प्रतिवेदन २०६५/०६६-२०७६।०७७ सम्म

१९.२ सचित्र पुस्तिका

१९.३ खुल्ला सरकारी तथ्याङ्क (Open Government Data - OGD) सम्वन्धी प्रतिवेदन

१९.४ Guidelines of Public Information Officers (PIOS)

१९.५ आयोगका जानकारीमूलक ब्रोसियर

१९.६ National Startegic Plan of Action (NSPA) 2073, 2074, 2075

१९.७ Right to Information (RTI) Journal

१९.८ Proactive Disclosure Management System (PDMS) Guidebook

१९.९ Management Information System (MIS) Guidebook

१९.१० सूचनाको सन्देश (पाठ्यसामग्री)

१९.११ शिक्षक स्रोत सामग्री (सूचनाको हक र सुशासन)

१९.१२ अनुगमन तता मूल्यांकन प्रतिवेदन- २०७५

१९.१३ सफलताका कथा २०७३, २०७४, २०७५

१९.१४ विभिन्न वर्षमा आयोगबाट भएका मुख्य मुख्य आदेशहरु

**प्रस्तुत विवरण आयोगका बेवसाईट www.nic.gov.np मा हेर्न सकिने छ ।**

फोन नं ०१-४४६४४१२, ४४९६५४४
फ्याक्स : ०१-४४९६५४५
ईमेल : info@nic.gov.np
वेबसाईट : www.nic.gov.np
**Facebook/Twitter :**
**https://www.facebook.com/rtinepal,**
**https://twitter.com/suchanaayog**